# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चौरजहारी, रुकुम (पश्चिम भाग) ०८८-४०११४६,९८५७८२६१११
कर्णाली प्रदेश, नेपाल ito.chaurjaharimun@gmail.com


## प्रेस विज्ञप्ति

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०३/२७ गतेको निर्णयानुसार आर्थिक वर्ष २०८२/०८३ को लागि यस चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र सो अन्तर्गतका कार्यालयहरूमा निरन्तर रुपमा काम गर्दै आएका करार कर्मचारीहरू को म्याद थप भएको भनि मिति २०८२/०४/०९ गते प्रकाशित सूचनाको विरोध गर्दै सात जना करारका कर्मचारीहरू हटाइएको भनि नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन चौरजहारी, अखिल नेपाल ट्रेड युनियन महासंघ चौरजहारी र अखिल नेपाल सरकारी अस्थायी करार ज्यालादारी कर्मचारी श्रमिक सङ्घ चौरजहारीले संयुक्त प्रेस विज्ञप्ति जारी गरेर करारका कर्मचारी हटाउने नगरपालिकाको निर्णय प्रति गरिएको असहमति तथा उक्त संगठनहरूले गरेको र उक्त संगठनको असहमतिमा समर्थन गरिएको ने.क.पा. (माओवादी केन्द्र) चौरजहारीको विज्ञप्ति र सामाजिक सञ्जालमा लेखिएका भ्रमक समाचारहरू प्रति नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ।

प्रेस विज्ञप्ति तथा सामाजिक सञ्जालमा लेखिएबमोजिम चौरजहारी नगरपालिकाले कर्मचारी हटाएको नभई केही कार्यक्रम सकिएको र केही रिक्त पदमा दरबन्दी अनुसारका स्थायी कर्मचारी आएकोले करारका कर्मचारीको करार सम्झौता नवीकरण गर्न नसकिएको हो। जसमा मनोसामाजिक परामर्श केन्द्रमा कार्यरत ३ जना र प्रधानमन्त्री रोजगार कार्यक्रममा कार्यरत २ जना करारमा कार्यरत कर्मचारीहरूको सङ्घीय सरकारबाट कार्यक्रम फेज आउट भएकोले साथै नगरपालिकाको दरबन्दीअनुसार इन्जिनियर पदमा प्रदेश लोक सेवा आयोगबाट पदपूर्ति भएकोले प्राविधिक शाखामा कार्यरत १ जना करारमा कार्यरत प्राविधिक कर्मचारी र कृषक सहकार्य समूह गठन तथा परिचालनको लागि नियुक्ति गरिएका १ जना सामाजिक परिचालक पदमा कार्यरत करार कर्मचारीको बैङ्कले कृषक सहकार्य समूहलाई ऋण लगानी गर्न नसक्ने भएपछि सो कार्यक्रम सञ्चालन नहुने भएकोले करार सम्झौता नगरिएको हो।

तसर्थ, नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन चौरजहारी, अखिल नेपाल ट्रेड युनियन महासंघ चौरजहारी र अखिल नेपाल सरकारी अस्थायी करार ज्यालादारी कर्मचारी श्रमिक सङ्घ चौरजहारीले संयुक्त प्रेस विज्ञप्ति जारी गरेर करारका कर्मचारी हटाएको भनि नगरपालिकाको निर्णय प्रति गरेको असमति तथा उक्त संगठनहरूले गरेको असहमतिमा समर्थन गर्दै नेकपा माओवादी केन्द्र चौरजहारीले गरेको विज्ञप्ति र सामाजिक सञ्जालमा लेखिएको भ्रामक समाचार प्रति भ्रमित नहुन बुद्धिजिवी, समाजसेवी, सञ्चारकर्मी, राजनैतिकदल लगाएत आम चौरजहारी नगवासीमा हार्दिक अपील गरिन्छ। धन्यवाद !

**१३ साउन २०८२**

पुष्प वादी
नगर प्रमुख